# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असार २० गते, २०७५ साल (अतिरिक्ताङ्क ११

## भाग ५

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

नेपाल सरकारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनका लागि खण्ड ६०, सङ्ख्या १, मिति २०६७।०१।०६ को नेपाल राजपत्र

भाग ५ मा प्रकाशित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना खारेज गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले यसैसाथ संलग्न ढाँचामा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेश गर्न देहाय बमोजिमको निकाय तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | राष्ट्रपति, उपराष्ट्रपति | राष्ट्रपतिको कार्यालय |
| २. | प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | प्रतिनिधि सभाका सभामुख, उपसभामुख, सदस्य तथा पदाधिकारीहरू, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा पदाधिकारीहरू, सङ्घीय संसदका महासचिव, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सचिवहरू | सङ्घीय संसदको सचिवालय |
| ४. | संवैधानिक निकायका पदाधिकारी तथा सदस्यहरू | संवैधानिक परिषद्को सचिवालय |
| ५. | महान्यायाधिवक्ता | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | |
|---|---|---|
| ६. | राष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७. | उपराष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८. | निजामती सेवाका कर्मचारी | राष्ट्रिय किताबखाना |
| ९. | नेपाल सरकारबाट नियुक्त अन्य आयोगका प्रमुख एवं सदस्यहरू | सम्बन्धित मन्त्रालय |
| १०. | नेपाली सेना | सैनिक अभिलेखालय |
| ११. | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, विशेष सेवाका कर्मचारी र राष्ट्रिय सतर्कता प्रहरी | राष्ट्रिय किताबखाना |
| १२. | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३. | नेपाली राजदूत तथा विशेष प्रतिनिधि | परराष्ट्र मन्त्रालय |
| १४. | नेपाल सरकारबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | सम्बन्धित मन्त्रालय |
| १५. | नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क, समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, | सम्बन्धित मन्त्रालय |

| | | |
|---|---|---|
| | संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थाका पदाधिकारी तथा निजामती बाहेकका कर्मचारी | |
| १६. | नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्थाका पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |
| १७. | नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारी | राष्ट्रिय किताबखाना |
| १८. | प्रदेश प्रमुखहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १९. | प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्य मन्त्री लगायतका पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २०. | प्रदेशसभाका सभामुख, उपसभामुख, सदस्य लगायतका पदाधिकारीहरू | सम्बन्धित प्रदेश सभाको सचिवालय |

| | | |
|---|---|---|
| २१. | प्रदेशका मुख्य न्यायाधिवक्ताहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २२. | प्रदेश लोकसेवा आयोगका अध्यक्ष एवं पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३. | प्रदेश सरकारबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४. | जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख तथा जिल्ला समन्वय समितिबाट नियुक्त भएका अन्य पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय |
| २५. | नगर कार्यपालिकाको प्रमुख तथा उपप्रमुख, गाउँ कार्यपालिकाको अध्यक्ष तथा उपाध्यक्ष, वडाध्यक्ष, गाउँ तथा नगर कार्यपालिकाको सदस्य तथा वडा सदस्य लगायतका स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरू (निजामती र स्थायी शिक्षक बाहेक) | सम्बन्धित स्थानीय तहको कार्यालय |

| | | |
|---|---|---|
| २६. | नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २७. | क्र.सं. १५, १६, १७ र २६ मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २८. | क्र.सं. १ देखि १७ सम्म र २६ र २७ मा उल्लेख गरिएदेखि बाहेक सार्वजनिक पद धारण गरेका नेपाल सरकार मातहतका अन्य पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २९. | प्रदेश प्रमुखको कार्यालयमा कार्यरत निजामती बाहेक अन्य पदाधिकारी एवं कर्मचारीहरू | सम्बन्धित प्रदेश प्रमुखको कार्यालय |
| ३०. | क्र.सं. १९ देखि २३ सम्म उल्लेख गरिएदेखि बाहेक प्रदेश सरकार मातहतका सार्वजनिक पद धारण गरेका अन्य पदाधिकारी तथा कर्मचारी | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३१. | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक | सोही सूचनामा तोकिएको निकाय |

| | | |
|---|---|---|
| | संस्था भनी तोकेका अन्य संस्थाका पदाधिकारी तथा कर्मचारी | |

पुनश्चः

१. क्र.सं.१ देखि ३१ सम्मका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति विवरण बुझाए वा नबुझाएको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रूपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ ।

२. जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरू तीस दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नु पर्नेछ र त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नु पर्नेछ ।

३. सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीहरूले बुझाउनुपर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीहरूको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ ।

*(भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनका लागि)*

## सम्पत्ति विवरण फाराम

सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम, थर :

पद : विवरण पेश गरेको निकाय :

कार्यालय :

विवरण पेश गरेको आ.व. :

**स्थायी ठेगाना :**

जिल्ला : गा.पा./न.पा : वडा नं.: टोल :

**हाल बसोबास गरेको ठेगाना :**

जिल्ला : गा.पा./न.पा : वडा नं.: टोल :

कर्मचारी भए सङ्केत नम्बर : स्थायी लेखा नं. :

## १. अचल सम्पत्तिको विवरण :

### (क) घर:

| क्र.सं. | घर धनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्गमीटर) | | | |
| | | | | | | | | | |

## (ख) जग्गा :

| क.सं | जग्गा धनी को नाम | जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा. / न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | | | |
| | | | | | | | | | |

## २. चल सम्पत्तिको विवरण :

### (क) नगद, सुन, चाँदी, हिरा, जवाहरात :

| क.सं. | बिवरण | परिमाण | प्राप्ति मिति | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

### (ख) बैङ्क, बित्तीय संस्था तथा सहकारी संस्थामा रहेको खाताको विवरण :

| क. सं. | खातावालाको नाम | संस्थाको नाम र ठेगाना | खाता नं. | मौज्दात रकम | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## (ग) धितोपत्र, शेयर वा ऋण पत्रको विवरण :

| क्र. सं. | शेयर धनीको नाम, थर | कम्पनीको नाम, ठेगाना | शेयर/ ऋण पत्रको किसिम | शेयर/ऋण पत्रको विवरण | | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | रकम | | |
| | | | | | | | |

## (घ) ऋण लिए/दिए/तिरेको विवरण :

| क्र. सं. | ऋण लिने/दिने/ तिर्ने व्यक्ति/ संस्थाको नाम, ठेगाना | ऋण | | | ऋण लिए/दिए /तिरेको रकम | ऋण लिए/दिए/ तिरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको | | | |
| | | | | | | | |

## (ङ) सवारी साधन (अटोमोबाईलको हकमा मात्र) को विवरण :

| क्र.सं. | सवारी धनीको नाम | सवारीको किसिम र नम्बर | खरिद मूल्य | खरिद मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ३. कृषि तथा पशुधन(घरजग्गा बाहेक) को विवरण :

| क्र.सं. | विवरण | सङ्ख्या | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ४. अन्य सम्पत्ति विवरण :

| क.सं. | विवरण | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठीक छ । फरक पर्ने छैन ।

नाम :

पद :

दस्तखत :

मिति :

द्रष्टव्य : अघिल्लो आर्थिक वर्षमा पेश गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फाराममा भरी पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**
**बुद्धिवहादुर खड्का**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३